# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर

कोशी प्रदेश, नेपाल

अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

प. सं. ०८०/८१
च. नं.

## कर्मचारीको तह वृद्धि/मिलान सम्बन्धी जरुरी सूचना ।
(प्रकाशित मितिः २०८०/१०/०७)

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन/समायोजन मिलान भएका र संघीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा नियुक्ति/सिफारिस/समायोजन/समायोजन मिलान भएका यस गाउँपालिका अन्तर्गत कार्यरत स्थायी कर्मचारीहरूले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम **तह वृद्धि**/मिलानको लागि सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र तपसिल बमोजिमको कागजात सहित रीतपूर्वकको फाराम भरी आवेदन सहित यस कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४. बमोजिम योग्यता पुगेका कर्मचारीहरूको हकमा निम्न कागजात सहित आवेदन पेश गर्ने ।
   क. स्थायी नियुक्ति पत्र र समायोजन पत्र वा समायोजन मिलान पत्र सहित निवेदन ।

२. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८. को उपदफा (१६) र (१७) बमोजिम योग्यता पुगेका कर्मचारीहरूको हकमा निम्न कागजात सहित आवेदन पेश गर्ने ।
   क. स्थायी नियुक्ति पत्र
   ख. समायोजन भएको पत्र वा संघीय लोक सेवा आयोगको सिफारिस र नियुक्ति पत्र ।
   ग. शैक्षिक योग्यताको प्रमाण पत्र

३. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७. को उपदफा (१) बमोजिम योग्यता पुगेका कर्मचारीहरूको हकमा निम्न बमोजिमका कागजात सहित आवेदन पेश गर्ने ।
   क. नियुक्ति/बढुवा/तह बृद्धिको पत्र
   ख. लोक सेवा आयोगबाट संघीय पदमा सिफारिस र नियुक्ति भई स्थानीय तहमा समायोजन भएको पत्र
   ग. पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कन
   घ. शैक्षिक योग्यताको प्रमाण पत्र ।

१०/०६

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत